# जोर्ज फ्लोइड तथा ब्ल्याक लाइभ्स म्याटरबारे मेयर विलियम पेडुटोको बयान

पिट्सबर्ग यस्तो शहर हो जहाँ हामी घृणाका लागि कुनै ठाउँ छैन भन्छौं। जब-जब, जहाँ-जहाँ हामीले विपत्तिको सामना गर्नुपरेको छ हामी हाम्रा छिमेकीहरूको ख्याल राख्नका लागि एकजुट भएर काम गरेका छौं र अझ बलियो भएर आउँछौं। गएको दुई हप्तामा हामीले हाम्रा छिमेकी तथा समुदायहरूलाई यहाँ र देश तथा राष्ट्रभरिनै आफ्नो दुःख, मानसिक आघात, पीडा तथा प्रदर्शन गरिरहेको देखिरहेका छौं। उनीहरू जोर्ज फ्लोइडको सम्मानमा सडकहरूमा उत्रिरहेका छन्। मैले धेरै मानिसहरूले यसलाई क्षण भनिरहेको सुनिरहेको छु - तर यो क्षण होइन। यो त आवासीय नियमहरू, रोजगारीमा अवरोधहरू, शैक्षिक गुणस्तर र अन्य संरचनाहरूमा पहुँच बनाउन नसक्ने असक्षमता प्रयोग गरेर अश्वेत मानिसहरूलाई अन्य छिमेकीहरूले झैं अवसरहरूमा पाउने समान पहुँचको अनुमति नदिएर अश्वेत मानिसहरूलाई नकारात्मक रूपमा असर गर्ने जातीवादको वर्षौं तथा पुस्तौंपुस्तादेखिको चरमबिन्दु हो।

जोर्ज फ्लोइड क्षण होइनन्। उनी परिवार तथा प्रियजनहरू भएका मानिस थिए। उनको अक्षम्य मृत्युले हाम्रा समुदायहरूलाई हाम्रा अश्वेत समुदायहरूले निरन्तर भोगिरहेका दुःख, मानसिक आघात तथा पीडालाई प्रदर्शन गर्न प्रेरित गरेको छ। हामीले यसलाई सुन्नैपर्छ।

हामी सबैलाई पीडा भएको छ। हामी सबैलाई दुःख तथा मानिसक आघात भएको छ। सिटी अफ पिट्सबर्गको मुख्य जिम्मेवारी यहाँका मानिसहरूको स्वास्थ्य तथा सुरक्षालाई सधैं संरक्षण गर्ने हुन्छ। तर जब यो शहर तथा यो देशमा तपाईंको छालाको रङले तपाईं प्रसवको समयमा बाँच्नु हुनुहुनेछ वा हुनेछैन भनेर निर्धारण गर्छ वा स्वास्थ समस्याहरू लाग्ने सम्भावनालाई उल्लेखनीय रूपमा बढाइदिन्छ वा माथिल्लो तहका व्यस्थापन वा नेतृत्व पदहरूलाई त छोडौं तपाईंले रोजगारी प्राप्त गर्ने सम्भावनालाई नियन्त्रण गर्छ - तब हामीले हाम्रा सबै छिमेकीहरूलाई संरक्षण गरिरहेका छैनौं। जब हाम्रो शहरमा मानिसहरूले सरकारी कर्मचारी तथा अधिकारीहरूबाट डर मान्छन् - तब हामीले हाम्रा सबै छिमेकीहरूको संरक्षण गरिरहेका छैनौं।

हामीले गएका सयौं वर्षदेखि हाम्रा अश्वेत छिमेकीहरूलाई दमन गर्ने नीतिको शक्ति देखेका छौं। हाम्रै शहरमा, हाम्रा अश्वेत नेबरहुडहरूको निर्माण हाम्रा अश्वेत छिमेकीहरूबाट भएको थिएन। तिनीहरूको निर्माण निश्चित सरकारी तथा निजी सेवाहरूबाट वञ्चित गर्ने रेडलाइनिङ प्रथामार्फत भएका हुन् जहाँ दोश्रो विश्व युद्धपछि आफ्ना श्वेत समकक्षीहरू झैं समान GI बिलहरू भएका अश्वेत भूपू सैनिकहरूलाई बैंकहरूले कर्जा अस्वीकार गर्थे किनभने बैंकहरूले चाहेका तथा नचाहेका नेबरहुडहरू भनेर चिन्हित गर्थे र नीति नियमहरूलाई जातिको आधारमा एक वा अर्कोमा मोर्टगेजहरू दिन प्रयोग गर्थे।

अहिले हामीसँग हाम्रा अश्वेत नेबरहुडहरू निर्माण गर्ने र उनीहरूलाई ऐतिहासिक रूपमा अस्वीकृत गरिएका अवसरहरू दिने नीति प्रयोग गर्ने शक्ति छ। त्यसैले गर्दा समता नै यो प्रशासनको प्राथमिकता हो। यहीं कारणले गर्दा हामी हाम्रा सबैभन्दा जोखिममा रहेका बासिन्दाहरूलाई सेवा दिन र नीति, सेवा तथा कार्यक्रमहरूमा पैरवी गर्नका लागि अफिस अफ इक्विटी निर्माण गर्ने अमेरिकामा पाँचौं शहर थियौं। यहीं कारणले गर्दा सिटीका सबै विभाग तथा निकायहरूका सबै वरिष्ठ अधिकारीहरू जातीय समताको प्रशिक्षणमा सहभागी भएका थिए र उनीहरूले निर्णयहरू लिँदा सरल तथा सशक्त प्रश्न सोध्नका लागि जातीय समता प्रवर्द्धन गर्न बजेटको वितरणहरूमा आफ्नो प्रशिक्षणलाई प्रयोग गरिरहेका छन्: "यसले अश्वेत बासिन्दाहरूलाई कसरी प्रभावित गर्छ ?" यहीं कारणले गर्दा हामीसँग रजिस्टर्ड कम्युनिटी अर्गनाइजेसन्स छ, त्यसैले नेबरहुडमा भएका डेभलपरहरूको विकास योजनाहरूलाई सिटीद्वारा समीक्षा गर्नुभन्दा पहिले नै सबै डेभलपरहरूले स्थानीय बासिन्दा तथा समुदायहरूलाई भेट्न अनिवार्य हुन्छ। यहीं कारणले गर्दा हामीले हाम्रा साना तथा युवा छिमेकीहरूलाई लर्न एण्ड अर्न र रेक टु टेकमा आर्थिक सहायता उपलब्ध गराउँछौं। यहीं कारणले गर्दा हामीले अल्पसंख्यक तथा महिलाहरूको स्वामित्व भएका व्यापारहरूमा लगानी गर्छौं। यहीं कारणले गर्दा हामी राष्ट्रपति ओबामाको 21औं शताब्दीको प्रहरीद्वारा कानुन तथा व्यवस्था कायम राख्ने पहलको नमुना प्रारम्भ गर्ने र सबै प्रहरी अधिकारीहरूले अन्तर्निहित पूर्वाग्रह प्रशिक्षण पूरा गर्न आवश्यक गराउने भनेर छनौट गरिएका मात्र छवटा शहरहरू मध्येका एक थियौं र हामीले सो प्रशिक्षणलाई सिटीभरिका कर्मचारीहरूमा विस्तार गरिसकेका छौं। हाम्रो सिटीका लागि यिनीहरू महत्त्वपूर्ण कदमहरू हुने भएतापनि यो स्पष्ट छ कि हामीले अझैं धेरै गर्नैपर्छ। हाम्रा समुदायहरूका आवाजहरूलाई हाम्रा नीतिहरूमा सुनिन र उनीहरूका आवश्यकताहरूलाई हाम्रा नीतिहरूमार्फत पूरा गरिन महत्त्वपूर्ण हुन्छ।

सुधार रातोरात हुने कुरा होइन र हामीसँग अहिले नै सबै जवाफहरू छैनन् तर काम सुरु भइसहेको छ र सबैका लागि बस्नयोग्य शहर निर्माण गर्नका हामी हाम्रा समुदायहरूसँग प्रत्यक्ष रूपमा काम गर्न जारी राख्ने छौं। अश्वेत छिमेकी, बासिन्दा तथा साझेदारहरू - हामीले तपाईंहरूलाई सुनेका छौं। पुनर्निर्माणका लागि तपाईंको आवाज महत्वपूर्ण तथा आवश्यक हुन्छ। हामीले चरणबद्ध रूपमा नीतिमा सुधार गर्ने छौं र यस पूरै प्रक्रियाभरि हामी कुरा गरिरहने छौं र सँगै अगाडि बढ्ने छौं। हामीले जातीय तथा जनसांख्यिकीय तथ्याङ्क सङ्कलन गर्ने छौं ताकि हामीले थाहा पाउन सकौं कि हामीले कसलाई सेवा दिइरहेका छौं र कसलाई दिइरहेका छैनौं जसले गर्दा हामीले अझ राम्रोसँग गर्न सकौं।

मलाई विश्वास छ कि हामी त्यस्तो शहर हौं जो जब-जब, जहाँ-जहाँ हामीले विपत्तिको सामना गर्नुपरेको छ हामी हाम्रा छिमेकीहरूको ख्याल राख्नका लागि एकजुट भएर काम गरेका छौं र अझ बलियो भएर आउँछौं। हाम्रो लागि पुन: काममा जाने समय भएको छ। आउनुहोस्, हामी हाम्रा सबै छिमेकीहरूका लागि अझ बढी मेहनतका साथ र अझ राम्रोसँग काम गरौं, विशेषगरी हाम्रा अश्वेत छिमेकीहरूका लागि जसलाई अहिले हाम्रो समर्थन आवश्यक छ। आवर ब्ल्याक नेबर्स म्याटर (हाम्रा अश्वेत छिमेकीहरू महत्त्वपूर्ण छन्)। ब्ल्याक लाइभ्स म्याटर (अश्वेत जीवनहरू महत्त्वपूर्ण छन्)।